नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

प.स. : २०८०।८१
चलानी नं. १९६१

मितिः २०८०।८।१२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः रा.प.अंन.द्वितीय श्रेणी (खरिदार) वा सो सरह कर्मचारिको सरुवा तथा पदस्थापन सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),

यस मन्त्रालयबाट निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापनसम्बन्धी कार्यहरु हुँदै आएको छ। सो सम्बन्धमा लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको पदहरूमा विज्ञापन प्रकाशित हुने (खुल्ला प्रतिस्पर्धा तथा बढुवा) समयको तत्काल अगाडि लामो समयदेखि सुगम स्थानमा रही कामकाज गरिरहेका कर्मचारीहरु बढुवा प्रयोजनको लागि मात्र दुर्गम स्थानका निकायहरुमा सरुवा भई जाने क्रम देखिएको र सोको लागि विभिन्न निकायहरुबाट सरुवा सहमतिसमेत माग भई आउने गरेको पाईएको छ। यसरी बढुवा सूचना प्रकाशित हुनुभन्दा तत्काल अगाडी राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदको सरुवा गरी पठाउँदा लामो समयदेखि दुर्गम स्थानमा बसी सेवा गरिआएका कर्मचारीहरुलाई बढुवा प्रयोजनार्थ मर्का पर्ने भनी विभिन्न सरोकारवाला पक्षबाट गुनासो आएको हुँदा राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदको कुनै पनि निकायमा सरुवा/पदस्थापन गर्ने तथा सरुवा सहमति प्रदान गर्ने कार्य यही मिति २०८० साल फाल्गुन मसान्तसम्मको लागि स्थगित गरिएकोले सोही बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि परिपत्र गरिएको व्यहोरा यस मन्त्रालयको मिति २०८०/०८/११ गतेको निर्णयानुसार अनुरोध छ ।

२०८०।८।१२

(हरि शरण न्यौपाने)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासनः मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनुहुन।